आज मिति २०८० साल असोज महिनाको १६ गतेका दिन यस राप्ती सोनारी गाउँपालिका अध्यक्ष श्री तप्त बहादुर पौडेल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री तप्त बहादुर पौडेल | – अध्यक्ष |
| २. | श्री मनिषा सिंह थापा | – उपाध्यक्ष |
| ३. | श्री यम बहादुर खड्का | – १ नं. वडा अध्यक्ष |
| ४. | श्री ज्ञानेन्द्र राज वली | – २ — ,, — ,, |
| ५. | श्री मीन कुमार थापा | – ३ — ,, — ,, |
| ६. | श्री मीन राज खड्का | – ४ — ,, — ,, |
| ७. | श्री भगत थापा | – ५ — ,, — ,, |
| ८. | श्री लवराज खरेल | – ६ — ,, — ,, |
| ९. | श्री रामलखन थापा | – ७ — ,, — ,, |
| १०. | श्री सालीकराम डाँगी | – ८ — ,, — ,, |
| ११. | श्री सोहनलाल थापा | – ९ — ,, — ,, |
| १२. | श्री राधिका सुनार | – कार्यपालिका सदस्य |
| १३. | श्री यमु कुमारी वली | – ,, — ,, |
| १४. | श्री गीता डाँगी | – ,, — ,, |
| १५. | श्री सुमित्रा थापा | – ,, — ,, |
| १६. | श्री धान बहादुर वि.क. | – ,, — ,, |
| १७. | श्री केशवराज खनाल | – ,, — ,, |
| १८. | श्री ओम प्रकाश देवकोटा | – प्र.प्र.अ. (सचिव) |

### सहयोगी कर्मचारी

| | | |
|---|---|---|
| १९. | श्री जनार्दन पौडेल | – सू.प्र.अ. |
| २०. | श्री राज तिलक थापा | – कं.अ. |

कार्यपालिका बैठक संख्या नं. ३१

रा.सो. गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया बाँके
लुम्बिनी प्रदेश,नेपाल

मिति २०८०/०६/१६ गते

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. कार्यविधि तथा मापदण्ड स्वीकृत सम्बन्धमा।

३. नदीजन्य पदार्थको ठेक्का लगाउने सम्बन्धमा।

४. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति गठन सम्बन्धमा।

५. विविध।

प्रमाणित

ओम प्रकाश ढकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

तपसीलमा उल्लेखित कार्यविधि तथा मापदण्ड अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधायन समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

(१) सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

(२) पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९ (संसोधन २०८०)

(३) सामुदायिक विद्यालय दरबन्दी ( शिक्षक तथा कर्मचारी ) व्यवस्थापन मापदण्ड, २०८०

**निर्णय नं. ३**

मिति २०८० भाद्र ७ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम स्वीकृत आम्दानी अनुमान बमोजिम २०८० भाद्र १३ गते प्रकाशित बोलपत्र अनुसार ठेक्का आव्हान गरिएकोमा तोकिएको समय सीमा भित्र कुनै पनि आवेदन नपरेको परिप्रेक्षमा तपसील अनुसारको प्याकेज निर्माण गरी पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

| प्याकेज | सि.न . | नदी तथा खोला नालाको नाम | उत्खनन् परिणाम (घन फिट( | वातावरणीय र सडक मर्मत संभार शुल्क | जम्मा आम्दानी रकम |
|---|---|---|---|---|---|
| क | १ | बगदैला घाट | २४३८९९४ | ९ | २१९५०९४६ |
| | २ | सिजनिया घाट | ११७६७८३ | ९ | १०५९१०४७ |
| | ३ | जलाला घाट फत्तेपुर | २५३३६५७ | ९ | २२८०२९१३ |
| | ४ | झिझरी खोला | ३७७९७६ | ९ | ३४०१७८४ |
| | ५ | आलिनगर चाँचरफर्का | १९९७७२० | ९ | १७९७९४८० |
| ख | १ | खैरी खोला | २११८१५५ | ९ | १९०६३३९५ |
| | | जम्मा | १०६४३२८५ | | ९५७८९५६५। |
| | | | | अग्रीम आयकर | १४३६८४३। |
| | | | | मूल्य अभिवृध्दि कर | १२४५२६४३। |
| | | | | कूल अनुमानित आम्दानी रकम | १०९६७९०५२। |

**निर्णय नं. ४**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति कार्यविधि [गठन तथा परिचालन], २०८० को दफा ३ बमोजिम तपसील अनुसारको गाउँ पालिकास्तरीय समिति रहने छ ।

तपसिलः

(१) संयोजक – गाउँपालिका अध्यक्ष

(२) सदस्य – उपाध्यक्ष एवं न्यायिक समितिको संयोजक

(३) सदस्य प्रमुख प्रशासकीय अधिकृत -

(४) सदस्य – प्रमुख ,(शिक्षा शाखा, स्वास्थ्य शाखा, कृषि तथा पशु सेवा र रोजगार सेवा केन्द्र)

(५) सदस्य– प्रधानाध्यापक सरस्वती मा वि भवानियापुर राप्ती सोनारी- ३ बाँके

(६) सदस्य –प्रमुख, ईलाका प्रहरी कार्यालय धामपुर

ओम प्रकाश दवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(७) सदस्य – अध्यक्ष, राप्ती सोनारी युवा संजाल

(८) सदस्य –अध्यक्ष, राप्ती सोनारी उद्योग वाणिज्य संघ ,

(९) सदस्य – जिल्लापत्रकार महासंघ वा प्रतिनिधि ,

(१०) सदस्य –बेचबिखन तथा ओसारपसार बिरुद्धको क्षेत्रमा काम [illegible] आइ एन एफ नेपालको प्रतिनिधि १ जना

(११) सदस्य –मानव बेचबिखन तथा ओसारपसार पीडित ब्यक्तिहरु मध्ये बाट सम्बन्धित स्थानीय तहले मनोनित गरेको एक जना सदस्य –

(१२) सदस्य –महिला स्वयम् सेविका श्री सीता थारु, राप्ती सोनारी – ३, नवलपुर (९७४९९०५५४०)

(१३) सदस्य– सचिब – महिला तथा बालबालिका शाखा प्रमुख

**निर्णय नं. ५**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) २०८० श्रावण महिनामा राप्ती सोनारी गाउँपालिकामा आएको अविरल वर्षाका कारण भएको घरमा भएको क्षतिका लागि वडाको सिफारिश, घरधुरी सर्वेक्षण, नागरिताको फोटोकपी, प्रहरी मुचुल्का लगायतका कागजातका आधारमा प्रचलित कानून र निर्णयको परिधि भित्र रही विपद् व्यवस्थापन कोषबाट तपसील अनुसार राहत उपलब्ध गराउने।

| सि न | नामथर | ठेगाना | घटना मिति | सहायता रकम | क्षतिको किसिम |
|---|---|---|---|---|---|
| १ | भिम बहादुर दमाई | रा.सो.गा.पा ३ | २०८०/४/२३ | रु ५०००। | आंशिक क्षति |
| २ | झग्गु थारु | रा.सो.गा.पा ३ | २०८०/४/२३ | रु ५०००। | आंशिक क्षति |
| ३ | रामु परियार | रा.सो.गा.पा ३ | २०८०/४/२३ | रु ५०००। | आंशिक क्षति |
| ४ | रामकली दमाई | रा.सो.गा.पा ३ | २०८०/४/२३ | रु ५०००। | आंशिक क्षति |
| ५ | पुर्ण कुमारी गिरी | रा.सो.गा.पा ३ | २०८०/४/२३ | रु ५०००। | आंशिक क्षति |
| ६ | सार्की बादी | रा.सो.गा.पा ३ | २०८०/४/२३ | रु ५०००। | आंशिक क्षति |
| ७ | नेपालु थारु | रा.सो.गा.पा ५ | २०८०/५/१६ | रु १०,०००। | पूर्णक्षति |
| ८ | चन्द्र ब. वली | रा.सो.गा.पा १ | २०८०/५/१९ | त्रिपाल २<br>पिफाम ३<br>बाल्टिन २<br>कम्बल ४<br>तन्ना ४ | |
| ९ | विनोद कुमार थारु | रा.सो.गा.पा.३ | २०८०/४/२३ | रु ५०००। | आंशिक क्षति |
| १० | भिम बहादुर थारु | रा.सो.गा.पा.४ | २०८०/६/७ | रु १०,०००। | पूर्णक्षति |
| ११ | ज्ञान बहादुर दमाई | रा.सो.गा.पा.३ | २०८०/४/२३ | रु ५०००। | आंशिक क्षति |

(ख) राष्ट्रिय जनमोर्चा नेपाल बाँकेको सहयोग उपलब्ध गराउने पत्रका सम्बन्धमा छलफल हुँदा रु. १००००/- (अक्षेरुपी दश हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने।

प्रमाणित

ओम प्रकाश दवकोटा

[illegible] प्रशासकीय अधिकृत



CS CamScanner

(ग) राप्ती सोनारी -१, कुसुम बस्ने मानसिक रोगबाट पीडित श्री सन्जय खत्रीलाई रु २००००/- (अक्षेरुपी बीश हजार मात्र) तथा सोही स्थान बस्ने पक्षघात रोगबाट पीडित श्री खुमलाल वि. क. लाई रु. १००००/- (अक्षेरुपी दश हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

(घ) यस गाउँपालिकाको स्थापना पूर्व साविकका गाउँ विकास समितिको समुदायस्तरमा सञ्चालित गरिबी निवारण कोष, सामाजिक विकास कोष, स्थानीय विकास कोष लगायत सरकारी कोषहरूमा रहेको रकम हिनामिना भएको भनी आएको गुनासोलाई सम्बोधन गर्न २०८० मंसीर मसान्तसम्म त्यस्ता कोषसंग आवद्ध कर्मचारी तथा सरोकारवाला सबैको जानकारीका लागि सूचना प्रकाशन गर्ने, हिसाब किताब नदेखाउने तत्कालीन तथा वर्तमान कर्मचारी एवं सरोकारवालासंग सरकारी बाँकी सरह असुल उपर गर्ने र सो को अभिलेख गैर सरकारी संघ संस्था तथा सहकारी समन्वय शाखाले राख्ने ।

(ङ) यस गाउँपालिकाका तपसीलका दृष्टिविहिन व्यक्तिहरुलाई ब्रेल लिपि सहित अध्ययन गर्न मिल्ने प्रति व्यक्ति रु. २५,०००/- (अक्षरुपी पच्चीस हजार मात्र) मा ननाघ्ने गरी मोबाइल सेट उपलब्ध गराउने ।

| सि नं | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्याम बहादुर थारु | राप्ती सोनारी गाउँपालिका -८ | |

(च) गाउँ कार्यपालिकाको मिति २०८० श्रावण २५ गतेको बैठकको निर्णय नं १३ (घ) अनुसार गाउँपालिकाको विभिन्न स्थानमा सिसि क्यामेरा जडानका लागि सूचना प्रविधि अधिकृतलाई दिइएको कार्यादेश बमोजिम प्राप्त प्रतिवेदन अनुसार आवश्यक प्रक्रिया पुरा गरी सिसि क्यामेरा जडान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(छ) राप्ती सोनारी गाउँपालिका वार्ड नं ६ को अनुरोधमा नेपाल रेडक्रस सोसाइटी सोनारी उपशाखाको स्वामित्वमा रहेको एम्बुलेन्स सञ्चालनका लागि पहिलो पटकका लागि ६० (साठी) लिटर डिजल उपलब्ध गराउने ।

प्रमाणित

ओम प्रकाश ढकाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner